# दक्षिणकाली नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं ।

## विज्ञापन कर उठाउने सम्वन्धी दरभाउ पत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/०८/१६

दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०७६ वमोजिम स्वीकृत दररेटको अधिनमा रहि यस नगर क्षेत्र भित्र विज्ञापन कर असुलीको कार्य ठेक्का वन्दोवस्तद्वारा गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित शर्त वन्देजको अधिनमा रहि उक्त कर उठाउन चाहने योग्य इच्छुक व्यक्ति, फर्म वा संस्थाले रितपूर्वक गोप्य शिलवन्दी दरभाउपत्र तोकिएको म्यादभित्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. शिलवन्दी दरभाउपत्र खरिद मिति र स्थान : २०७६/०८/२२ गते कार्यालय समयसम्म, दक्षिणकाली नगरपालिका, फर्पिङ ।

२. शिलवन्दी दरभाउ पत्र शूल्क रु.१०००/-

३. व्यक्ति वाहेक अन्यले यस नगरपालिकामा सूचि दर्ता गराउनुपर्नेछ ।

४. नगरपालिकाबाट खरिद गरिएको दरभाउपत्रसँगै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानिय तहमा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समयः मिति २०७६/०८/२३ गते दिनको १२:०० बजेसम्म ।

६. शिलवन्दी दरभाउपत्र खोलिने मिति र समयः मिति २०७६/०८/२३ गते दिनको २:०० वजे नगरपालिका सभाहलमा ।

८. शिलवन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशत धरौटी रकम दक्षिणकाली नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखामा रहेको धरौटी खाता नं. १२००३०३००७१०२ मा नगदै जम्मा गरी सक्कल भौचर वा सो वरावरको यस नगरपालिकाको नाममा कुनै "क" बर्गको वाणिज्य वैंकले जारी गरेको १२० दिन म्याद भएको बिडवण्ड पेश गर्नुपर्नेछ ।

९. कबोल अंक नगरपालिकाले उपलव्ध गराएको दरभाउपत्र फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. दरभाउपत्र स्वीकृती सम्वन्धमा सम्पूर्ण अधिकार यस नगरपालिकाको हुनेछ । यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

११. शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना तथा नगरपालिकाको आर्थिक ऐन, २०७६ यस कार्यालयको वेवसाइट www.dakshinkalimun.gov.np मा हेर्न सकिनेछ । साथै सो सम्वन्धि थप जानकारीको लागि फोन नं. ०१-४७१००२८ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | दरभाउ पत्र नं. | कामको विवरण | न्यूनतम वार्षिक कवोल अंक (मू.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ०७/०७६-७७ | नगर क्षेत्र भित्र विज्ञापन | रु.५०००००/- (अक्षरुपी पाँच लाख मात्र) | |

प्रमूख प्रशासकीय अधिकृत